**सवारीसाधन व्यवस्थापनका लागि अनुरोध**

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन ०६ गते आइतवार // मृत भस्म नबन्दैमा भिm्ल्को भैकन बल्नुछ // 2024 February 18 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १७०

## सामाजिक उत्तरदायित्व वहन गर्नेगरी पत्रकारिता गर्नुको विकल्प छैन –अध्यक्ष बस्नेत

प्रस, निजगढ, ५ फागुन/

सञ्चारमाध्यमका चुनौती एवं मिडिया साक्षरता कार्यक्रम बाराको निजगढमा शनिवार सम्पन्न भयो । कार्यक्रमका प्रमुख अतिथि प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारकर्मीहरूलाई सधैं सजग, सचेत, सत्यतथ्य प्रमाणको आधारमा आचारसंहिताको पालना गरी पत्रकारिता गर्न आग्रह गरे ।

विगतको पत्रकारिताभन्दा अहिले अवसर र चुनौती थपिएको बताउँदै उनले यस पेशालाई अझै विश्वासिलो, मर्यादित, पठनयोग्य बनाउने जिम्मेवारी पत्रकार र सञ्चारगृहको रहेकाले सामाजिक उत्तरदायित्व वहन गर्नेगरी पत्रकारिता गर्नुको विकल्प नरहेको औंल्याए । तथ्यहीन, प्रमाणहीन समाचारले पत्रकार र सञ्चारगृहको लोकप्रियता घटाउने मात्रै नभई पत्रकार नै असुरक्षित बन्ने हुँदा पत्रकारितालाई गम्भीरताका साथ अध्ययन, अनुसन्धान गरी सत्यतथ्य प्रमाणका आधारमा कलम चलाउन अध्यक्ष बस्नेतले आग्रह गरे ।




साक्षरता कार्यक्रममा मन्तव्य व्यक्त गर्दै प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत । तस्वीरः प्रतीक

व्यवस्था परिवर्तनमा पत्रकारिताको योगदान राजनीतिक दलहरूको भन्दा कम नभएको अध्यक्ष बस्नेतले जिकिर गर्दै पत्रकार, सञ्चारगृहहरूलाई टिकाउन स्थानीय, प्रदेश र सङ्घीय तीनै तहका सरकारले सोच्नुपर्ने उनले बताए । वर्तमान अवस्थामा पत्रकार र सञ्चारगृहहरूको आर्थिक अवस्था निकै खस्किंदो रहेकाले लोककल्याणकारी विज्ञापनलाई सहजरूपमा वितरण गर्न नसकिएको अध्यक्ष बस्नेतले उल्लेख गरे । विज्ञापनको नाममा स्थानीय तहमा लुँछाचुँडी र अपारदर्शी वितरण भइरहेको प्रेस काउन्सिलमा गुनासो आउने गरेको बताउँदै यस्ता विकृतिलाई सच्याउन पत्रकार र जनप्रतिनिधिहरू स्वयम् सजग, सचेत र जिम्मेवार हुनुपर्ने अध्यक्ष बस्नेतले बताए ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य ठाकुर बेलवासे, मुख्य अधिकृत झविन्द्र भुसाल, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव गोविन्द चौलागाईंले नेपाली पत्रकारितालाई विश्वासिलो, पठनयोग्न बनाउँदै बेथिति, भ्रष्टाचारविरुद्ध अडिग रही निरन्तर कमल चलाउनुपर्नेमा जोड दिए ।

कार्यक्रमको अध्यक्षता नेपाल पत्रकार महासङ्घ, बारा शाखाका अध्यक्ष रेशम तिवारी गरेका थिए ।

## माछापालक किसानहरूको भेला



प्रस, सिम्रौनगढ, ५ फागुन/

सिम्रौनगढ नगरपालिकाको कङ्काली मन्दिर प्राङ्गणमा शनिवार माछापालक कृषकहरूको भेला सम्पन्न भएको छ ।

मत्स्य व्यवसाय सङ्घ, बाराका अध्यक्ष वीरेन्द्र चौधरीको अध्यक्षतामा भएको भेलाले माछापालक कृषकहरूमाथि आइपरेका समस्याहरूका बारेमा छलफल गरेको थियो । छलफलमा सिम्रौनगढस्थित नेपाल विद्युत् प्राधिकरणको ज्यादती, माछाबजारमा भाउ व्यवस्थापन, मत्स्य व्यवसायीलाई कृषि मिटर दिनुपर्ने जस्ता विषयमा छलफल भएको थियो ।

भेलाले माछापालक किसान नागेन्द्र साहको अध्यक्षतामा ३१ सदस्यीय माछापालक किसान र विद्युत् प्राधिकरण परामर्श समिति गठन गरेको छ । समितिमा अवधेश सहनी, शिवमङ्गलप्रसाद कुशवाहा, कुन्दन कुशवाहा, दिनदयाल मुखिया, अशोक सहनी र बृजकिशोर यादवलगायत सदस्यहरू छन् ।

## इशनाथ नपामा अनिश्चितकालीन कफ्र्यू

प्रस, रौतहट, ५ फागुन/

रौतहटको इशनाथ नगरपालिकाका दुईवटा वडामा जिल्ला प्रशासन कार्यालय, रौतहटले शनिवार साँझ ५ बजेदेखि अनिश्चितकालीन काफ्र्यू जारी गरेको छ ।

फागुन ३ गते सरस्वतीपूजाको मूर्ति सेलाउने क्रममा घिउरा भन्ने स्थानमा दुई पक्षबीच झडप भएको थियो । तत्काल झडप साम्य भएपनि पछि त्यसले उग्ररूप लिएको थियो र इशनाथ नपा–६ र ७ का जोकहा, सानो जोकहा, रामपुरखाप, मोतीपुर र जयनगरमा विवादले उग्ररूप लिंदा केही मानिसहरू घाइते भएका थिए ।

बिहीवारको विवाद साम्य पार्न शनिवार नगरपालिकामा सर्वपक्षीय बैठक बसेको थियो तर सो बैठकमा सहमति हुन नसकेपछि जिप्रका, रौतहटले आज साँझदेखि अनिश्चितकालीन कफ्र्यू आदेश जारी गरेको हो ।

स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (क) कफ्र्यू आदेश जारी गरिएको र उक्त आदेशको बर्खिलाफ भएमा कानूनबमोजिम कडा कारबाही हुने जिप्रकाले सूचनामार्फत जानकारी गराएको छ ।

## सत्यतथ्य समाचार प्रकाशन गर्नुस् –नगरप्रमुख चौहान



प्रस, वीरगंज, ५ फागुन/

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले सत्यतथ्यमा आधारित र आचारसंहिताको पालना गर्दै समाचार प्रकाशन गर्न पत्रकारहरूलाई आग्रह गरेका छन् ।

पोखरिया नपाको सहयोगमा नेपाल पत्रकार महासङ्घ, पर्साको आयोजनामा गत माघ १९–२१ गते चितवनको सौराहामा आयोजित पत्रकार स्तरवृद्धि तालीमका सहभागीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रममा शनिवार वीरगंजमा आयोजित कार्यक्रममा उनले पोखरिया नगरपालिकाका समाचारहरूले प्राथमिकता पाऊन्, सत्यतथ्य समाचारहरू जनताले पढ्न, सुन्न र हेर्न पाऊन् भन्ने उद्देश्यले नपाले पत्रकार स्तरवृद्धि तालीम आयोजना गरेको बताए ।

तालीममा सहभागी ३० जना पत्रकारलाई नगरप्रमुख चौहान, उपप्रमुख रूबी ठाकुर र निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तवले प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रम नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको थियो ।

## धार्मिकस्थल संरक्षण गर्न ट्रस्ट गठन

प्रस, सिम्रौनगढ, ५ फागुन/

सिम्रौनगढ नगरपालिकाकी उपप्रमुख नजमु शेहरको अध्यक्षतामा शनिवार नगरपालिकामा रहेका धार्मिकस्थलहरूको संरक्षणबारे भेला सम्पन्न भएको छ ।

सिम्रौनगढका धार्मिकस्थल सौन्दर्यीकरण, मन्दिरको लागि पुजारी व्यवस्थापन, बजार व्यवस्थापन, ऐतिहासिक र पुरातात्त्विक धरोहरहरूको संरक्षणबारेमा भेलामा छलफल भएको थियो ।

भेलाले संरक्षणका लागि २१ सदस्यीय कङ्काली ट्रस्ट गठन गरेको छ । राजेश पण्डितको अध्यक्षतामा गठित ट्रस्टमा उपाध्यक्ष मदनप्रसाद गुप्ता, सचिव रामेश्वर मेहता, कोषाध्यक्ष गायत्रीदेवी नुनियाइनलगायतका सदस्यहरू छन् ।

## ३९ जनाद्वारा आकस्मिक रक्तदान

प्रस, वीरगंज, ५ फागुन/

रक्तसञ्चार केन्द्र, वीरगंजमा रगत अभाव भएपछि भोलिन्टियर समूहले शनिवार आकस्मिक रक्तदान गरेको छ ।

भोलिन्टियर समूहका ३९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका राजन श्रीवास्तवले बताए । शुक्रवार आकस्मिक रक्तदानका लागि आह्वान गरिएको र समूहका कृष्ण कुशवाहा, सुरज साह तुराहा, मनोज साह, गणेश चौधरी, सुनील यादव, लक्ष्मण साह, अजय जयसवाल, नन्दन पासवान र रामसुरत कुर्मीलगायतले रक्तदान गरेका उनले बताए ।

आकस्मिक रक्तदानको व्यवस्थापन श्याम सर्राफ, विक्की गुप्ता, रामविनय यादव, अनिशकान्त कुशवाहा, कमल चौगाइ, विनय गुप्ता, सुरज सर्राफ, सौरभराज पाण्डेय, मनीष साह, धीरेन्द्र झा, हरि राउतलगायतले गरेका थिए ।

## सृजना मध्यवर्तीको साधारणसभा सम्पन्न



प्रस, ठोरी, ५ फागुन/

समाजमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी सहकारिताको भावनाअनुरूप फजुल खर्चलाई निरुत्साहित गर्ने उद्देश्यले पिछडिएका वर्गलाई व्यावसायिक आयअर्जनको माध्यमबाट आर्थिक, सामाजिक र शैक्षिक पछौटेपनबाट माथि उकास्न तथा राष्ट्रिय निकुञ्ज वरिपरि रहेका बासिन्दाहरूको संलग्नतामा संरक्षित क्षेत्रको दिगो संरक्षण गर्ने उद्देश्यले सञ्चालित तथा निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिद्वारा संरक्षित सृजना मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिवार १४औं साधारणसभा सम्पन्न भएको छ ।

ठोरी–२ स्थित नेराप्रावि, हनुमाननगरमा संस्थाका अध्यक्ष घनश्याम अधिकारीको अध्यक्षता तथा ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठको प्रमुख आतिथ्यमा साधारणसभा

(बाँकी अन्तिम पातामा)

## दुईवटा पुस्तकको समालोचना

प्रस, वीरगंज, ५ फागुन/

नारायणी वाङ्मय प्रतिष्ठान, वीरगंजको आयोजनामा शनिवार पुस्तक समालोचना कार्यक्रम सम्पन्न भएको छ ।




वीरगंज महानगर–१५ सिद्धार्थ कलेजमा आयोजित कार्यक्रममा ज्येष्ठ नागरिक सङ्घ, पर्साका सचिव विनयराज गौतमद्वारा लिखित 'मृत्युको छहरीमा' र राष्ट्रिय भाषा आयोगका सदस्य गोपाल अश्कद्वारा लिखित 'कालो गुलाफ' पुस्तकमाथि ठाकुर राम बहुमुखी क्याम्पसका प्राध्यापकद्वय उमा मिश्र र रामप्रसाद पाण्डेले समालोचना गरेका थिए । दुवै कथा सङ्ग्रहका लेखक गौतम र अश्कले पुस्तक लेखनबारेमा सहभागीहरूलाई जानकारी गराएका थिए ।

प्रतिष्ठानका अध्यक्ष डा विश्वम्भर शर्माको अध्यक्षतमा भएको कार्यक्रममा सचिव महेशचन्द्र गौतमले स्वागत र सत्येन्द्र यादवले सहजीकरण गरेका थिए । कार्यक्रममा विजय शर्मा, सचितानन्द सिंहलगायतको सहभागिता थियो ।

## सामाजिक रूपान्तरणमा शिक्षाको भूमिका अहम् –सासंद प्रदीप यादव



प्रस, वीरगंज, ५ फागुन/

जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादवले शिक्षा नै समाज विकासको प्रमुख आधारस्तम्भ भएको बताएका छन् । वीरगंजमा ओम नेशनल एकेडेमीको नवौं वार्षिकोत्सवमा सांसद यादवले शिक्षाले नै समाजलाई समृद्ध र सभ्य बनाउने बताए ।

पूर्ववनमन्त्रीसमेत रहेका यादवले अहिलेको शिक्षा प्रणालीमा रूपान्तरणको आवश्यकता रहेको औंल्याए ।

वार्षिकोत्सवमा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । वार्षिक परीक्षामा उत्कृष्ट अङ्क ल्याएका विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

## विचारसार र सूक्तिहरू

**सफलता तपाईंको कर्म र धर्मपालनको मीठो फल हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अर्थतन्त्रको वास्तविक परिदृश्य

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**नयाँ ऋणको माग नहुँदा बैंकहरू धमाधम ब्याज घटाउन थालेका छन् । वित्तीय प्रणालीमा लगानीयोग्य रकम ६ खर्ब भन्दा बढी पुगिसकेको छ । यसले लगानीको वातावरण र बजार सकारात्मक रहेको सङ्केत गर्दैन । सरकारको दाबी त सत्तामा बस्नेहरूका लागि आत्मरति मात्रै हो ।**

सरकारले अर्थतन्त्रका सूचक सुध्रिएको दाबी गरिहरहँदा बितेको हप्ता अर्थतन्त्रसँग सरोकार राख्ने केही महत्त्वपूर्ण तथ्यहरू बाहिर आए। पहिलो–सरकारले चालू आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेटको अर्धवार्षिक समीक्षामार्फत बजेटको आकार २ खर्ब २१ अर्ब रुपियाँले घटाएको छ। यो वर्ष १७ खर्ब ५१ अर्ब रुपियाँको बजटेको आकार १३ प्रतिशतले घटाएर १५ खर्ब ३० अर्बमा झार्नु भनेको सरकारले लक्ष्यमा राखेको रकम खर्च हुन नसक्ने अनुमान हो । यसको अर्थ सरकारसँग खर्च गर्ने क्षमता छैन वा खर्च गर्नका लागि स्रोत नै छैन ।

सरकारले सबैभन्दा धेरै पूँजीगत खर्च घटाएको छ । ३ खर्ब २ अर्ब रुपियाँ छुटयाइएकोमा मध्यावधि समीक्षामार्फत २ खर्ब ५४ अर्ब रुपियाँमात्र खर्च गर्ने लक्ष्य राखिएको छ । साधारण खर्च कटौती कठिन भएसँगै पूँजीगत खर्चको आकारमा कटौती गरिनु भनेको स्रोतको दबाब नै मुख्य कारण हो । सरकारी आय पनि लक्ष्य अनुसार नहुने देखिएको छ । राजस्व आय १४ खर्ब २२ अर्ब उठाउने लक्ष्य राखिएकोमा १२ खर्ब २ अर्ब रुपियाँमा आउने संशोधित अनुमान छ। चालू वर्षको ६ महीनामा ६ खर्ब ६८ अर्ब राजस्व उठाउने लक्ष्य राखिएकोमा ५ खर्ब १५ अर्ब मात्र उठेको छ ।

अहिलेको अवस्थामा सरकारी बजेट खर्च नहुनुको मूल कारण क्षमताभन्दा पनि स्रोतको कमी हो भन्ने स्पष्ट हुन बाँकी छैन । व्यापार, उत्पादन, खपत घटेर राजस्व खुम्चिएपछि सरकार समस्यामा परेको छ। बजेटको आकार घटाउने नयाँ रोग होइन। डेढ दशकयता यो प्रवृत्ति दोहोरिँदै आएको छ । तर, वैश्विक मन्दीले अर्थतन्त्र थलिएको अहिलेको अवस्थामा बजेटको आकारमा गरिएको कटौती केवल खर्च क्षमतासँग जोडिएको छैन। यसले अर्थतन्त्र गम्भीर सङ्कटतिर उन्मुख भइरहेको त छैन भन्ने आशङ्का बलियो बनाएको छ। यति हुँदा अर्थमन्त्री प्रकाशशरण महत बजेटको आकार घटाइए पनि अर्थतन्त्रका सबै सूचक सकारात्मक भएको र आगामी दिनमा आर्थिक गतिविधि बढ्ने बताइरहेका छन् ।

सरकारले अर्ध वार्षिक समीक्षामा कुनै पनि नीतिले सकारात्मक प्रभाव पारेका तथ्य पेश गर्न सकेको छैन । फगत सुधारको भाषण मात्र यसको पुष्टिका लागि पर्याप्त हुँदैन । आयात प्रतिस्थापन र स्थानीय उद्योगको प्रवर्द्धनका लागि भनेर ल्याइएका व्यवस्था असफल भएका छन्। यस्ता नीति अवैध आयातका कारण बनेको अवस्था छ। भारतसँगको खुला सिमानाबाट अवैध आयातले रेकर्ड तोडेको छ । यस्तो अवैध आयातका कारण स्वदेशमा वैध व्यापारमा लागेका व्यवसायीहरू करोबारबाटै पलायन हुने अवस्था छ। खुला सिमानाको पृष्ठभूमिका भन्सारमा राजस्वका दर बढाउनुमात्र उत्पादन अभिवृद्धिको आधार होइन भन्ने कुरालाई सरकारले पूरै बेवास्ता गरेको भान हुन्छ । यसले स्वदेशी बजारमा आयातित वस्तुको भाउ बढाउँछ र अवैध आयात बढ्छ । अहिले त्यही भइरहेको छ । स्वदेशमा प्रतिस्पर्धी उत्पादन गर्न नसक्ने, तर सीमानाकामा करको तगारो मात्र हाल्ने हो भने त्यो आम उपभोक्ताको शोषण हो ।

आपूर्तिका सवालमा सरकार यतिसम्म लाचार देखिएको कि दशैंअघि नै भित्र्याउने भनिएको चिनी त आएन नै, सरकारी स्वामित्वका कम्पनी भन्सार छूटमा चिनी असफल भएपछि आयातको जिम्मा उद्योगीलाई दिएको छ । हो, सरकारले व्यापार गर्ने होइन, यो दक्षता निजी क्षेत्रसँग हुन्छ। तर, शुरूमा के के न गर्छु भनेर आफैं अघि सर्ने र अन्तिममा हात ठाडो पारेर उपभोक्तालाई अप्ठेरोमा पार्ने काम गैरजिम्मेवारी हो । बेलैमा निजी क्षेत्रलाई दिएको भए चाडपर्वको बेला १५० रुपियाँको चिनी खाने बाध्यता आउने थिएन। नेपालको चिनीले बजारको माग धान्न सक्दैन, चिनी उत्पादक र उखु उत्पादक किसानबीच सम्बन्ध उस्तै जटिल छ। मलमा पनि यस्तै बेहाल छ। मल आयातमा त सरकारले अनुदानसमेत दिने गरेको छ । अनुदान दिएर पनि सरकारी कम्पनीले मल आयात गर्न नसक्दा खेतीपातीको समयमा मलको हाहाकार हुन्छ। निजी क्षेत्रलाई आयात गर्न दिंदा विश्वभरिको प्रतिस्पर्धी बजारबाट चिनी आयात गर्न सकिन्छ। तर निजी क्षेत्रले महँगी बढाउन पनि सक्छ । सरकारले यसमा प्रभावकारी नियमन गर्नुपर्दछ । सरकारको सही सक्रियता हुनुपर्ने यसमा हो ।

अर्को–सरकारले राजस्वको दायरा बढाउने भन्दै अनेक कार्यक्रम ल्याइरहे पनि अहिलेसम्म ३२ प्रतिशत व्यापार दर्ताविनै सञ्चालन भइरहेको तथ्य आएको छ । मुलुकभित्र सञ्चालनमा रहेका थोक तथा खुद्रा व्यापार गर्ने ४ लाख ९८ हजार ५८ व्यापारिक प्रतिष्ठानमध्ये ३१.८ प्रतिशत प्रतिष्ठान कुनै पनि निकायमा दर्ता नगरी सञ्चालन भइरहेको राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपाल व्यापार सर्वेक्षण, २०७८ मा उल्लेख गरिएको छ। यस्तो सङ्ख्या सबैभन्दा बढी राजस्व दिने भनिएको मधेस प्रदेशमा (४८ प्रतिशत) बढी देखिएको छ। अध्ययनका अनुसार कोशी प्रदेशका ३८.५, कर्णालीका ३३.८, सुदूरपश्चिमका २८.८, लुम्बिनीका २६.९ र गण्डकीका २५.१ र बागमतीका २४.७ प्रतिशत व्यापार दर्ता छैनन् । सरकार भने दर्ता भएर चलिरहेका प्रतिष्ठानमा अनेक निगरानी गरिरहेको छ, तर दर्ता नभएकालाई दायरामा ल्याउने प्रभावकारी कार्यक्रममा भने उदासीन छ ।

विप्रेषणको आय र माग घट्दा विदेशी विनियमको सञ्चिति थुप्रिएर १८ खर्ब रुपियाँ पुगेको छ। सरकार यसलाई अर्थतन्त्रको सकारात्मक सूचक भनिरहेको छ। यो सकारात्मक होइन। उत्पादन, खपत, व्यापार, आय, राजस्व सबैतिर सकारात्मक तथ्याङ्कबीच सञ्चिति बढेको भए त्यसलाई उपलब्धि मान्न सकिन्थ्यो। यहाँ सबै सरोकार खुम्चिएर विनिमयको सञ्चितिमात्र बढ्नुले सकारात्मकभन्दा नकारात्मक असर नै बढी पार्नेमा आशङ्का छैन। अहिले बैंकमा लगानीयोग्य रकम थुप्रिएको छ। यसको सीधा अर्थ हो, उद्यमी व्यापारी नयाँ लगानीका लागि तत्पर छैनन्। उद्यमीले नाफा कमाउनका लागि नभएर घाटा कम गर्न काम गरिरहेको अवस्थलाई कसरी सकारात्मक भन्न सकिन्छ । नयाँ ऋणको माग नभएपछि बैंकहरू धमाधम ब्याज घटाउन थालेका छन् । वित्तीय प्रणालीमा लगानीयोग्य रकम ६ खर्ब रुपियाँभन्दा बढी पुगिसकेको छ। यसले लगानीको वातावरण र बजार सकारात्मक गतिमा अघि बढेको सङ्केत गर्दैन । सरकारको दाबी त सत्तामा बस्नेहरूका लागि आत्मरति मात्रै हो ।

यो परिदृश्यमा सरकार वैशाखमा लगानी सम्मेलन गर्न गइरहेको छ। वैशाख १६ र १७ गते हुने तेस्रो लगानी सम्मेलनका लागि परियोजना सङ्कलन तथा पहिचानको काम शुरू भइसकेको छ । सम्मेलनमा प्रस्तुत गर्न १०५ परियोजना छानिएको छ। विभिन्न चरणमा तयारी भएका, तुरुन्त साइटमा गएर काम गर्न मिल्ने र केही नयाँ परियोजना सूचीकृत भए पनि बहुअपेक्षित निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई यो सूचीमा नपारिनुले सरकारको नियतमैं सन्देह सृजना गरिदिएको छ । लगानी सम्मेलनलाई लक्ष्य गरेर कानून तथा ऐनहरू परिमार्जन र नयाँ थप व्यवस्थाका लागि समिति गठन भइसकेको र एक दर्जन कानूनमा सुधार र नयाँ व्यवस्था थप्न सुझाव दिइसकेको भनिएको छ। यसैबीच एक मुख्य विकास साझेदार विश्व बैंकको अन्तर्राष्ट्रिय विकास सङ्घले नेपालमा उच्चस्तरीय सम्मेलन गर्ने भएको छ । ९२ देशका प्रतिनिधि सहभागी हुने यो सम्मेलनलाई सरकारले लगानी सम्मेलनसँग जोड्न सक्नुपर्छ। यो उद्देश्यमा सफल हुन भाषणबाजीले मात्र पुग्दैन, योजना र कूटनीतिक चातुर्य चाहिन्छ ।

# नेपाल फर्केर के गर्ने ?

गण्डकी, ५ फागुन/रासस

नेपाल साहित्य महोत्सवको 'ब्रेन गेन : फर्केर के गर्ने ?' सत्रमा वक्ता स्वर्णिम वाग्ले र शृङ्खला खतिवडा आफ्नो विद्वतासहित प्रस्तुत भए । उनीहरू दुवै विदेशमा ज्ञान, सीप र अनुभव आर्जेर स्वदेश फर्कनेमध्येमा पर्छन् ।

पोखराको फेवाताल किनारस्थित बाराहीघाटमा जारी महोत्सवमा वाग्ले र खतिवडालाई सुन्न दर्शकको उल्लेख्य उपस्थिति थियो । पत्रकार सोनिया अवालेले युवाहरूको पलायनलाई कसरी रोक्ने ? भविष्यको खोजीमा देश छाडिरहेका युवाहरू नेपाल फर्केर के गर्ने ? जस्ता सवालमा वाग्ले र खतिवडाबीच बहस गराइन् ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका अर्थशास्त्री वाग्ले र अमेरिकाको विश्वविद्यालयमा शहरी विकाससम्बन्धी विषय अध्ययन गरी स्वदेश फर्केकी पूर्व नेपाल सुन्दरी खतिवडाले नेपाली युवाको विदेश पलायनको बाध्यता र उनीहरूलाई स्वदेश फर्काउने उपायबारे मन्थन गरे ।

वाग्लेले नेपाली आप्रवासी तीन किसिमका रहेको भन्दै उनीहरूलाई स्वदेशसँग जोड्न छुट्टाछुट्टै रणनीति तय गर्नुपर्ने धारणा राखे। स्थायीरूपमैं विदेश बसोबास थालेका र नेपाली नागरिकता त्यागेकालाई सांस्कृतिक सामीप्यताका माध्यमबाट नेपालसँग जोड्न सकिने उनको भनाइ थियो। "दूतावासहरूमार्फत उनीहरूलाई बेलाबेला नेपाल ल्याउने, नेपाली भाषा सिकाउने, पर्यटकीयस्थल घुमाउन पनि सकिन्छ," उनले भने, "यसले नेपालसँगको सांस्कृतिक र भावनात्मक सामीप्यता बढाउन सघाउ पुऱ्याउँछ ।"

विदेशमा र नेपालमा पनि केही गर्न चाहनेका लागि आर्थिक, राजनीतिक अधिकारसहित काम गर्ने उचित वातावरण सिर्जना गरिनुपर्नेमा वाग्लेको जोड थियो । "ग्लोबल सिटिजनको अवधारणा अहिले विकास भइरहेको छ, त्यसका माध्यमबाट पनि विदेशमा रहेका नेपालीहरूले कृषि, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रमा काम गर्न सक्छन्," उनले भने, "विश्व बजारका लागि केही गर्छु भन्ने नेपालीका लागि उदार नीति ल्याउनुपर्छ, जसले वैदेशिक लगानीलाई पनि प्रवर्धन गर्छ, वैध तरीकाले जुनसुकै देशमा व्यापार–व्यवसाय गर्ने र आम्दानी गर्ने बाटो खुल्छ ।"

विदेशमा अस्थायीरूपमा रोजगार गरी स्वदेश फर्कनेलाई उनीहरूले ल्याउने सीप र पूँजीको सदुपयोग हुने वातावरण राज्यले सिर्जना गरिदिनुपर्ने वाग्लेको भनाइ छ । "नेपाल फर्केर केही गर्न चाहनेलाई आर्थिक अवसरको खाँचो छ, राज्यले सोही अनुसारको नीति ल्यानुपर्छ," उनले भने, "विदेशबाट फर्केर उद्यम गर्न चाहनेलाई बीउ पूँजी दिने भनिए पनि कार्यान्वयनमा आउन सकेको छैन ।"

आजको भूमण्डलीकृत विश्वमा मानिसलाई यत्तिकै एक देशबाट अर्को देशमा जानबाट रोक्न नसकिने वाग्लेले

(बाँकी तेस्रो पातामा)

# स्वस्थ शरीरको अनुदान

**विकृत जीवनशैली र असन्तुलित आहारले मोटोपन महामारीको रूपमा देखा परेको छ । यसकारण उपरोक्त वर्णित प्रयासहरूमध्ये कुनै एकलाई जीवनशैलीको हिस्सा बनाउनु हाम्रो दायित्व हो । जसले यो स्वस्थ परम्परा अँगाल्छ, उसले स्वस्थ शरीरको अनुदान पनि पाउँछ ।**

वर्तमान परिस्थितिमा एउटा अनपेक्षित घटनाक्रम हाम्रो आँखा सामुन्ने देखिइरहेको छ र वर्तमान समयको समस्याहरूमध्ये सम्भवतः त्यसलाई एउटा महत्त्वपूर्ण चुनौतीको रूपमा हेर्न र अनुभव गर्न सकिन्छ । यो चुनौती मानवताका सम्मुख एउटा विडम्बनाको रूपमा उजागर भएको छ, अतः यसको तत्काल र समुचित समाधान गर्नु हाम्रो प्रमुख दायित्व बन्न पुगेको छ । यो समस्या मानवताको सामु यस प्रकार टड्कारो भएको छ कि आज मानिसका आवश्यकताहरूमा एउटा स्वस्थ र पोषक आहार हाम्रो सर्वप्रमुख आवश्यकता मान्न सकिन्छ ।

यस समस्यालाई समग्रताले बुझ्नका लागि इतिहासमा एउटा दृष्टि हाल्नु अनिवार्य हुन्छ। आजभन्दा दुई सय वर्षपूर्व भोजन, आहार सामग्री अनुपलब्ध थियो वा ती सबैलाई समानरूपले उपलब्ध गराउन सम्भव थिएन। धनी र विकसित मुलुकहरूमा जुन भोज्य पदार्थ प्राप्त गर्न सकिन्थ्यो, त्यो अनेक गरीब मुलुकहरूमा प्रायः दुष्प्राप्य नै थियो ।

परिणामस्वरूप केही देशका मानिसलाई आवश्यकताभन्दा बढी भोजन सामग्री प्राप्य थियो भने केही देशका मानिस भोकमरी र कुपोषणका शिकार थिए । जहाँ एकातिर इथियोपियामा अकालका समाचार पढ्न पाइन्थ्यो, त्यहीं अनेक देशका मानिसले भोजन फ्याँक्ने वा नोक्सान गर्ने गरेको देखिन्थ्यो ।

जबदेखि आहारको उपलब्धता करीब समानजस्तै भएको छ, समस्याको रूप परिवर्तित भएको छ । आज प्रायः विश्वका प्रत्येक मुलुकमा मोटोपन एवं असन्तुलित आहारका कारण उत्पन्न विकृतिहरू चरममा छन् । प्रायः प्रत्येक देशमा मानिसको औसत वजन ५० वर्षदेखि बढेको छ ।

यसको कारण यो त हो नै कि आज मानिस पहिलेको तुलनामा बढी खाइरहेका छन् । फ्रोजेन फूल, जङ्क फूड, फास्ट फूड, सस्तो खाना–यी आज गाउँ–गल्लीमा, विभिन्न सुपरमार्केटमा उपलब्ध छन् । परिणाम यस्तो छ कि उच्च क्यालोरी भएको भोज्य पदार्थहरू एउटा सामान्य परिवारले पनि प्रशस्त उपभोग गरिरहेको छ ।

विश्व स्वास्थ्य सङ्गठनको विगत वर्षको तथ्याङ्क अनुसार पछिल्लो ५० वर्षमा प्रत्येक व्यक्तिको दैनन्दिन क्यालोरी क्षमता ५०० क्यालोरीभन्दा ज्यादा बढेको छ। परिणाम स्पष्ट छ–मोटोपन, बढ्दो वजन, स्वास्थ्यसम्बन्धी समस्याहरूबाट एउटा ठूलो जनसङ्ख्या जुझिरहेको छ।

यसका साथै एउटा समस्या यो पनि छ कि मानिस असन्तुलित, असंयमित, अभक्ष्य भोजन प्रमुखताका साथ गरिरहेका छन् । घरमा बनाएको भोजनको साटो रेस्टुरा, र टेक–अवेजस्ता माध्यमबाट प्राप्त हुने भोजनहरूलाई प्राथमिकता दिनुको परिणाम हो कि धेरै मानिसको कम्मरको अनुपात आवश्यकताभन्दा ज्यादा बढिरहेको छ ।

यस्तैमा जीवनशैलीमा आएको परिवर्तनलाई कसले बेवास्ता गर्न सक्छ ? आज श्रमशीलता नराम्ररी घटिरहेको छ, मानिस सानै पनि दूरी हिंड्न गाडीहरूको सहारा लिन थालेका छन्। जीवनशैली र दिनचर्यामा विराम आएजस्तै छ, कम्प्युटर स्क्रीन वा आफिसको टेबुलमा मानिसको जिन्दगीको एकतिहाई भाग बित्दछ र यी सबैले एकएक गरी वजन बढाउने भूमिका मात्र निर्वाह गर्दछन् ।

कारण जे होस्, तर यस परिवर्तनको परिणाम भयावह देखिएको छ। मोटोपनले हृदयरोग, रक्तचाप, उच्च कोलेस्ट्रोल, मधुमेह आदिलाई जन्म दिन्छ; त्यति मात्र होइन, अपितु यो अनेक क्यान्सरहरूको उत्पत्तिको मुख्य कारण पनि हो । यसमाथि रोक लगाउने एउटा प्रमुख माध्यम शारीरिक व्यायाम एवं गतिविधिहरू हुन् ।

यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने मोटो भएपछि नियमित व्यायाम गर्दा यसले वजन बढ्न दिंदैन तर त्यसलाई घटाउन भने कुनै भूमिका खेल्दैन। यस्तो किनभने शारीरिक व्यायामले गर्दा मानिसलाई भोक लाग्छ र जुन क्यालोरी व्यायाम गर्दा नष्ट भएको थियो, झन्डै त्यति नै व्यक्तिले भोजनबाट ग्रहण गर्दछ।

यस उद्देश्यको प्राप्तिका लागि यौगिक पद्धतिहरू कैयौं गुना बढी प्रभावी सिद्ध भएका छन्; किनकि यसको उद्देश्य तीव्रताले वजन घटाउनु र पुनः त्यही तीव्रताका साथ त्यसको आर्जन गर्नु होइन। अधिकांश यौगिक प्रक्रियाहरू, जसमा प्रज्ञायोग व्यायामको विशेष भूमिका छ–हाम्रो वजनलाई वैज्ञानिक तरीकाले घटाउन मदत गर्छ, जसले गर्दा व्यक्ति बिस्तारैबिस्तारै सही र आफ्नो शरीरलाई स्वस्थ बनाउन सक्छ । जो मानिस यस समस्याबाट ग्रस्त छन्, उनीहरूले पहिले प्रज्ञायोगको आसन परम्परालाई दैनिक दिनचर्याको अभिन्न अङ्ग बनाउनु जरूरी हुन्छ ।

दोस्रो तरीका जुन वजनमाथि नियन्त्रण गर्न कारगर हुन सक्दछ–त्यो आहारमा नियन्त्रण हो। आज पश्चिमी जगत्देखि सानासाना गाउँका मानिस डायटिंग गरिरहेका देखिन्छन्, तर यसमा समस्या त्यही देखिन्छ कि यी तरीका पनि सफल भइरहेका छैनन्। उदाहरणका लागि विगत दिनमा देखिएको डाइटफिट शोधका परिणामहरू हेर्दा थाहा हुन्छ कि वसामुक्त वा कार्बोहाइड्रेटमुक्त भोजनले पनि मानिसको वजनमा उल्लेखनीय परिवर्तन ल्याउन सक्दैन ।

यहाँ पनि हाम्रो परम्परागत र लामो समयदेखि चलिआएको व्रत–उपवासको परम्परा बढी प्रभावकारी देखिन्छ । आइतवार वा बिहीवार उपवास गर्नाले मानिसले आध्यात्मिक ऊर्जा मात्र प्राप्त गर्दैन, अपितु एउटा स्थिर अनुपातमा वजन पनि घट्छ ।

भारतको देव संस्कृति विश्वविद्यालयमा विगत दिनहरूमा गरिएका चांद्रायण व्रत–साधनाका प्रयोग पनि यस दिशामा प्राप्त भएको चमत्कारी सफलतातिर इशारा गर्दछन्। जो मानिस आहार नियन्त्रणको माध्यमले वजनमा काबू पाउन चाहन्छन्–उनीहरूले व्रत, उपवार, कल्प–साधना अँगाल्ने बेला फास्ट फूड, जङ्क फूड त त्यसै पनि त्याग्नु नै पर्छ जसले गर्दा सात्त्विक, सन्तुलित र संस्कारित भोजन ग्रहण गर्नुपर्छ र त्यसको सुपरिणाम पनि भोक्तालाई प्राप्त हुन्छ ।

यी प्रमुख कारणहरूबाहेक केही मानिस वजनको समस्याले यसकारण प्रभावित हुन्छन्; किनकि उनका लागि यो आनुवांशिक कारण हो । पछिल्लो दिनमा भएका शोधहरूबाट यो स्पष्ट भएको छ कि जुन मानिसमा CREBF नामक जीन हुन्छ, तीमध्ये ३० देखि ४० प्रतिशत मानिसका लागि यो जिम्मेवार हुन्छ। यद्यपि यी कारणहरू पत्ता लगाउन गाऱ्हो छ र प्रयोगशालामा यसको परीक्षण पनि गर्न सकिंदैन, अतः आवश्यक के हुन्छ भने स्वस्थ शरीर बनाइराख्ने पद्धतिहरूलाई कुनै न कुनै रूपमा मानिसले अँगालोस्, जसले गर्दा यदि यो कारण पनि व्यक्तिभित्र छ भने यसलाई प्रभावकारी बन्नबाट रोक्न सकियोस् ।

वैज्ञानिक शोधबाट थाहा हुन्छ कि यस्तो गर्नु सम्भव छ। वार्डलद्वारा २४०० जति जुम्ल्याहा बच्चाहरूमा गरिएका शोधहरूको परिणामले भन्दछ कि यस्तो गर्न सकिन्छ । जुम्ल्याहा बच्चाहरूको आनुवांशिक संरचना एकजस्तो हुन्छ र तिनको घरको वातावरण पनि ।

तर पनि के पाइयो भने जुन बच्चाले स्वस्थ आहारको परम्परा अँगाले–तिनको वजनमा २ किलोग्रामभन्दा बढी घटेको पाइयो । यस्तोमा आमाबुवाको यो जिम्मेवारी हो कि बच्चालाई स्वादिष्ट भोजनको साटो पौष्टिक र सात्त्विक भोजन, पर्याप्त मात्रा दिंदा राम्रो बालविकास हुने कुरामा विश्वास गरून्।

वर्तमान समयमा विकृत जीवनशैली एवं असन्तुलित आहारका कारण मोटोपन एउटा महामारीको रूपमा देखा परेको छ । यसकारण उपरोक्त वर्णित प्रयासहरूमध्ये कुनै एकलाई आफ्नो जीवनशैलीको हिस्सा बनाउनु हाम्रो दायित्व बन्न जान्छ। जसले यस स्वस्थ परम्परालाई अँगाल्छ, उसले स्वस्थ शरीरको अनुदान पनि पाउँछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## नभाल्नीको मृत्युबारे छानबीन गर्न राष्ट्रसङ्घ र विश्वका नेताहरूको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ५ फागुन/रासस

रूसी पुटिन प्रशासनको प्रखर आलोचक तथा विपक्षी नेता एलेक्सी नभाल्नीको जेलमा भएकाको मृत्युपछि संयुक्त राष्ट्रसङ्घ र विश्वका प्रमुख शक्ति राष्ट्रका नेताहरूले घटनाको छानबीन गर्न आग्रह गरेका छन् ।



रूसमा पछिल्लो दशक सबैभन्दा प्रखर प्रतिपक्षी नेताको छवि बनाएका नभाल्नीको जेलमा निधन भएको कारागार प्रशासनले शुक्रवार जनाएको थियो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले 'हिरासतमा भएको भनिएको नभाल्नीको मृत्युको परिस्थितिबारे पूर्ण विश्वसनीय तथा पारदर्शी छानबीन' हुनुपर्ने माग गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले नभाल्नीको मृत्युबाट महासचिव स्तब्ध भएको बताएका छन् ।

एलेक्सी नभाल्नीको मृत्युको विवरणले राष्ट्रसङ्घका महासचिव गुटेरेस 'स्तब्ध भएको' उनका प्रवक्ताले बताएका छन् । यसैगरी, राष्ट्रसङ्घको मानव अधिकार कार्याललले स्वतन्त्र निकायमार्फत घटनाको छानबीन हुनुपर्ने माग गरेको छ । 'विनाकारण जस्तो देखिएको' नभाल्नीको कारावासबारे पनि आफूले बारम्बार कुरा उठाएको कार्यालयले आफ्नो विज्ञप्तिमा उल्लेख गरेको छ ।

अमेरिकाका राष्ट्रपति जो बाइडेनले घटनाका लागि रूसी राष्ट्रपति भ्लादिमिर पुटिन जिम्मेवार रहेको दाबी गर्दै यसको निष्पक्ष छानबीन हुनुपर्ने बताएका छन् ।

राष्ट्रसङ्घीय मानव अधिकार आयुक्त फोल्कर टर्कले गत वर्ष नभाल्नीलाई सुनाइएको लामो सजायले रूसले अदालती प्रणालीलाई राजनीतिक उद्देश्यका लागि प्रयोग गरेको देखाएको बताएका छन् । "यदि कोही राज्यको हिरासतमा मर्छ भने त्यसका लागि राज्य जिम्मेवार हुने अन्तर्राष्ट्रिय मान्यता छ," राष्ट्रसङ्घले भनेको छ ।

नभाल्नीको मृत्युको घोषणापछि ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति जो बाइडनले आफूलाई उक्त घटनाले 'अचम्भित र आक्रोशित' तुल्याएको बताएका छन् ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको प्रखर आलोचक रहेका नभाल्नीको 'वीरता'को प्रशंसा गर्दै बाइडेनले सन् २०२० मा विष दिइएपछि नभाल्नी निर्वासनमा देशबाहिर रहन सक्ने भएपनि उनले त्यसो नगरेको बताए ।

"पुटिन जे थिएनन्, नभाल्नी त्यही थिए," बाइडेनले नभाल्नीको विशेष क्षमताबारे बताए । उनले थपे, "गलती नगरौं, नभाल्नीको मृत्युका लागि पुटिनले जिम्मेवार छन् ।"

म्युनिखबाट अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले नभाल्नीको मृत्यु 'पुटिनको क्रूरताको सङ्केत' भएको बताएकी छन् ।

जर्मनीका चान्सलर ओलाफ स्कोल्जले नभाल्नीको मृत्यु रूसी जनताको लागि 'ठूलो त्रासदी' भएको बताएका छन् ।

बेलायतको विदेश मन्त्रालयले नभाल्नीको मृत्युका लागि रूसी अधिकारीलाई पूर्णरूपमा जिम्मेवार ठहऱ्याउन रूसी दूतावासलाई बोलाएको जनाएको छ ।

यसैगरी, बेलायतका विदेशमन्त्री डेभिड क्यामरूनले नभाल्नीको मृत्युको परिणाम रूसले भोग्नुपर्ने चेतावनी दिए । जर्मनीमा जारी म्युनिख सुरक्षा सम्मेलनमा क्यामरूनले भने, "रूसले यसको परिणाम बेहोर्नुपर्नेछ ।"

लातिभयाका राष्ट्रपति एडगर्स रिनकेभिक्सले 'क्रेमलिनले नभाल्नीको निर्मम हत्या गरेको' बताएका छन् । त्यसैगरी, फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नले नभाल्नीको मृत्युले 'पुटिनको शासनको वास्तविकता बयान गरेको' बताएका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले विगत दुई वर्षदेखि रूसी सेनासँग लडिरहेका बेला क्रेमलिनका आलोचकको हत्या भएको बताएका छन् ।

नभाल्नी सन् २०२१ को फेब्रुअरीमा सन् २०२० मा उनलाई सुनाइएको सजाय उल्लङ्घन गरेको आरोपमा जेल परेका थिए । उनलाई सन् २०२० मा आफ्नो अवस्थाबारे प्रहरीलाई नियमित खबर नगरेको आरोप लगाइएको थियो ।

**शोकसभाबाट एक सयभन्दा बढी पक्राउ**

रूसी प्रहरीले विपक्षी नेता एलेक्सी नभाल्नीको स्मृतिमा राखिएको शोक कार्यक्रमका सहभागी १०० जनाभन्दा बढीलाई हिरासतमा लिएको ओभिडी–इन्फो नामक मानव अधिकारवादी समूहले शनिवार जनाएको छ ।

क्रेमलिनका कट्टर आलोचक ४७ वर्षीय नभाल्नीको रूसको आर्कटिकमा १९ वर्षको जेलसजाय काटिरहेका बेला मृत्यु भएको शुक्रवार रूसी अधिकारीहरूले बताएका थिए ।

मृत्युको खबरले रूस भित्र र बाहिर रहेका नभाल्नीका समर्थक तथा प्रशंसकहरू शोकमा डुबेका छन् ।

रूसका अस्थायी स्मारकहरूमा फूल राख्न मानिसहरू भेला भएका थिए र केही घटनामा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको सामाजिक सञ्जालमा सम्प्रेषित फुटेजले देखाएको छ ।

ओभिडी–इन्फोका अनुसार फेब्रुअरी १७ सम्ममा रूसको दोस्रो ठूलो शहर सेन्ट पिटर्सबर्गका ६४ सहित १० शहरमा १०१ भन्दा बढीलाई हिरासतमा लिइएको छ ।

राजधानी मस्कोमा ११ जना र निज्नी नोभगोरोड, क्रास्नोडार, रोस्तोभ–अन–डन र ट्वेर शहरमा ११ जनालाई हिरासतमा लिइएको छ ।

रूसमा असहमति विरोधी कडा कानून अन्तर्गत विरोध प्रदर्शन गैरकानूनी छ र अधिकारीहरूले नभाल्नीको समर्थनमा हुने ऱ्यालीमा कडाइ गरेका छन् ।

रूसको राजधानी मास्कोको मध्यभागमा हुने विशाल ऱ्यालीमा भाग लिन अनलाइनमार्फत गरिएको आह्वानबारे आफूहरू जानकार रहेको र त्यहाँ उपस्थित नहुन चेतावनी दिइएको रूसी प्रशासन र सरकारी अधिकारीहरूले शुक्रवार बताएका थिए । रासस

### आजको राशिफल

| | |
| --- | --- |
| मेष – अतिथिआगमन | वृष – सुयश |
| मिथुन – खर्चवृद्धि | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – ईश्वरभक्ति |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुपराजय | मकर – सुसमाचार |
| कुम्भ – भयचिन्ता | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## धादिङमा बस र ट्रक ठोक्किंदा २० जनाभन्दा बढी घाइते

मलेखु, ५ फागुन/रासस

पृथ्वी राजमार्ग अन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका–३ हिलटप मोडमा बस र ट्रक एकापसमा ठोक्किंदा २० जना घाइते भएका छन् ।



घाइतेमध्ये तीनजनाको अवस्था गम्भीर छ ।

काठमाडौंबाट तीर्थयात्री बोकेर चितवनतर्फ गइरहेको बस र विपरीत दिशाबाट आइरहेको ट्रक हिलटप मोडमा आज बिहान ठोक्किएको जिल्ला प्रहरी कार्यालय, धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए । घाइतेको मलेखुको राजमार्ग अस्पताल र मलेखु टिचिङ अस्पतालमा उपचार भइरहेको प्रनाउ जैसवारले बताए । बसमा ३० जना तीर्थयात्री सवार थिए ।

## सुकुमबासीलाई जग्गा फिर्ता हुने आस

महोत्तरी, ५ फागुन/ रासस

आफ्नो भोगचलनमा रहेको जग्गा अर्कैको नाउँमा दर्ता हुँदा विरक्तिएका महोत्तरीको भङ्गाहा–४ थारूटोल बनराका सुकुमबासीलाई अब भने राहत पाइने आस जागेको छ । आफ्नै ठाउँबाट धपिनुपर्ने पीडा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई सुनाएपछि उनले जग्गासम्बन्धी छानबीन गरिने प्रतिबद्धता जनाएपछि आस पलाएको हो ।

"करीब २५ वर्षदेखि हाम्रो जग्गा अर्कैले भोगचलन गर्दैछन्," सुकुमबासी बस्तीका कैलाश चौधरी थारूले भने, "यसपालि प्रधानमन्त्रीले छानबीन आयोग बनाउन सम्बद्ध अधिकारीलाई निर्देशन दिनुभएको छ ।" प्रधानमन्त्रीको निर्देशनले थारूटोल बनराका सुकुमबासीले न्याय पाउने उनी बताउँछन् ।

रातु नदीको नदीउकास क्षेत्रमा २००० सालदेखि बसोबास गर्दै आएका आदिवासी थारू एवं मुसहर, बाँतर, चमार, खत्वेलगायतका दलित परिवारका चौथो पुस्ताका सन्तान यहाँ बस्छन् । विसं २०५१ मा सरकारले सुकुमबासी समस्या समाधान आयोग बनाएर लालपुर्जा दिने आश्वासन दिएको थियो । आफ्नो जग्गा अर्कैको नाउँमा दर्ता भएको थाहा पाएपछि उनीहरू निराश छन् ।

"पहिला चालै पाइएन, १०–१२ वर्षपछि नचिनेका बाहिरी व्यक्ति मेरो जग्गा भन्दै आउन थाले," सो बस्तीकी ७५ वर्षीया रामसुनरदेवी थारू भन्छिन्, "अनि जग्गाबारे खोजीनिती हुन थाल्यो ।" प्रधानमन्त्री स्वयंले तत्परता लिएपछि जग्गाबारे खोजबीन हुने विश्वास बढेको उनको भनाइ छ ।

थारूटोल बनरामा चार पुस्तादेखि घरझुप्रा बनाएर बसोबास गर्दै र पर्ती जग्गा खनजोत गर्दै आएका १८७ परिवारको जग्गा जति अर्कैको नाउँमा दर्ता भएपछि बिचल्ली भएको छ । "हाम्रो टेक्ने समाउने केही आधार रहेन," स्थानीय जयकरण बाँतर भन्छन् ।

सुकुमबासीले बिहीवार प्रधानमन्त्री प्रचण्डसँग भेटघाट गरेका थिए । थारूटोल बनराको सुकुमबासी बस्तीको जग्गा दर्ताबारे छानबीन हुनुपर्ने, जग्गा दर्ता गराउने अधिकारी र भूमाफियालाई कारबाई हुनपर्ने, बाहिरी व्यक्तिका नाममा दर्ता भएको स्वामित्व खारेज हुनुपर्ने र घरझुप्रा बनाएर बसेका सुकुमबासी तथा खनजोत गर्दै आएका भूमिहीनका नाममा जग्गा दर्ता गरिनुपर्ने सुकुमबासीको माग छ ।

## स्वास्थ्य शिविर सम्पन्न

प्रस, वीरगंज, ५ फागुन/

घडीअर्वा स्पोर्ट्स क्लब, वीरगंजको आयोजनामा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । शिविरमा वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा लक्ष्मी थापा गुप्ता, फेमिली फिजिसियन एवं मधुमेहरोग विशेषज्ञ डा उदयनारायण सिंह, हाड–जोर्नी–नसा रोग विशेषज्ञ डा दिलीप चौरसिया, बालरोग तथा नवजात शिशु विशेषज्ञ डा श्यामबाबू साह एवं विकास साह, छालारोग विशेषज्ञ डा रोहित गुप्ता, दन्तरोग विशेषज्ञ डा ज्योति गुप्ता, डा राजकुमार साह, डा सन्दीप गुप्ता सम्मिलित चिकित्सकहरूको टोलीले २५० जना मानिसको स्वास्थ्य परीक्षण गरी परामर्श दिएको थियो ।

शिविरमा गणपति डाइग्नोस्टिक सेन्टरले निश्शुल्क रगत, पिसाब, मधुमेह जाँच गरेको थियो । कार्यक्रममा स्वागत मन्तव्य क्लबका उपाध्यक्ष मनोहर साहले दिएका थिए ।




कार्यक्रममा खेलकूद तथा स्वास्थ्य उपसमितिका संयोजक प्रभाकर गुप्ताले मौसम परिवर्तन भइरहेको अवस्थामा वडावासीलाई स्वास्थ्य परामर्श दिन कार्यक्रम आयोजना गरिएको बताए ।

क्लबका अध्यक्ष सन्तोषकुमार साहको अध्यक्षता तथा वीरगंज–१० का अध्यक्ष सुशीलकुमार कानूको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अयोध्या मन्दिरको प्राणप्रतिष्ठाको अवसरमा वीरगंजबाट पैदल यात्रा गरी १४ दिनमा वीरगंज फर्केका मुन्ना साह र चन्दन बर्णवाललाई प्रशंसापत्रले सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन क्लबका सचिव सन्तोषकुमार गुप्ताले गरेका थिए ।

**नेपाल फर्केर ...**

बताए । "युवा पलायनलाई रोक्न आर्थिक र सामाजिक उत्प्रेरणा दिनुपर्छ, आर्थिक अवसर र सुरक्षाको सुनिश्चितता भए सजिलै कसैले देश छोड्दैन," उनले भने ।

खतिवडाले नेपालमा कुनै भविष्य छैन भनेर नकारात्मक भाष्य सिर्जना गर्न खोजिएको धारणा राखिन् । अमेरिकामा पढाइ सिध्याएर एक दिन पनि बढी नबसी आफू नेपाल फर्किएको उनको भनाइ छ । "आर्थिकरूपमा सुरक्षित भएकाले पनि मलाई नेपाल फर्कन सहज भयो, सबैको उही अवस्था पक्कै छैन, अहिले नै युवाहरूलाई स्वदेश फर्कनुस् भन्न सकिने स्थिति छैन," खतिवडाले भनिन्, "युवाहरू स्वदेश फर्कन त चाहन्छन्, उनीहरूले आर्थिक सुरक्षा खोजिरहेका छन्, जुन नेपालमा छैन ।"

खतिवडाले आफू पनि विदेशमैं बसेको भए युवाहरूमा थप निराशा बढ्न सक्ने बताइन् । "नेपालमा मैले जुन सामाजिक पूँजी आर्जन गरेकी छु, जुन प्रतिष्ठा छ, त्यसका लागि पनि मेरो भविष्य नेपालमैं छ भनेर म फर्कें," उनले भनिन्, "नवीन सोच, योजना र मेहनत भएमा नेपालमा पनि मैले अवसरै अवसर देखेको छु ।"

सरकारले रोजगार दिएन भनेर बढी गुनासो उठ्ने गरेको भन्दै उनले रोजगार सिर्जनाका लागि राज्यले निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने धारणा राखिन् । "सरकारले रोजगार दिने होइन, निजी क्षेत्रलाई सहयोग गर्ने हो, रोजगार निजी क्षेत्रले सिर्जना गर्छ," उनले भनिन् ।

रोजगारको खोजीमा विदेशिनु नेपालीका लागि संस्कृति र प्रवृत्ति नै बनेको खतिवडाले बताइन् । उनले आधुनिक विश्वमा त्यसको स्वरूप बदलिएको धारणा राखिन् । "बाध्यता र आवश्यकताले धेरै नेपाली युवा विदेश पलायन भइरहेका छन्, अहिलेकै सङ्ख्यामा अझ केही वर्ष युवा विदेश जाने हो भने देश अप्ठेरोमा पर्न सक्छ," खतिवडाले भनिन्, "कतिपयमा यो देशमा केही हुँदैन, विदेश नै जानुपर्छ भन्ने जबरजस्त धारणा विकास भएको छ, एकपटक पनि प्रयास नगरी काम पाइएन भन्नेहरू पनि छन् ।"

सम्पन्न मुलुकले श्रम नीतिमा खुकुलोपन ल्याएका कारण पछिल्लो समय नेपाललगायत अल्पविकसित मुलुकबाट रोजगारका लागि अर्को देश जाने प्रवृत्ति ह्वात्तै बढेको उनले बताइन् । युरोपमा पनि कम विकसित देशबाट युरोपकै सम्पन्नशाली मुलुकमा पलायनको दर बढिरहेको उनको भनाइ छ ।

## निश्शुल्क स्वास्थ्य शिविर

प्रस, वीरगंज, ५ फागुन/

दृष्टि आँखा अस्पतालको आयोजनामा शनिवार वीरगंज महानगरपालिका–१८ भवानीपुरमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविरमा ११० जनाको आँखा, नाक, कान र घाँटीको उपचार गरिएको नेपाल स्वास्थ्य क्रोप्सका अमितचन्द ठकुरीले बताए । उनले शिविरमा मोतीबिन्दु भएका, आँखा र कान पाकेका बिरामीहरू बढी रहेको बताए ।

# कृपा दैनिकको वार्षिकोत्सवमा पुरस्कार वितरण

प्रस, निजगढ, ५ फागुन/

कृपा दैनिकको २१औं वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रम शनिवार निजगढमा सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले रौतहट र सर्लाही जिल्लामा रही पत्रकारितामा योगदान पुऱ्याउँदै आएका पत्रकारद्वय फणि महत र ओमप्रकाश ठाकुरलाई उमादेवी स्मृति क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरे। पत्रकार द्वय महत र ठाकुरलाई जनही २५ हजार नगद पुरस्कार प्रदान गरिएको थियो।




त्यस्तै, बारा जिल्लामा रही पत्रकारितामा योगदान पुऱ्याउँदै आएका शारदा पोखरेललाई चन्द्रप्रकाश खनाल स्मृति क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरियो। उनलाई दोसल्ला, सम्मानपत्रसहित १० हजार नगद प्रदान गरिएको थियो।

कार्यक्रममा नेपाली पत्रकारिता क्षेत्रका बेथितिलाई उजागर गर्दै सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने अध्यक्ष बस्नेतले बताए। पत्रकारिता क्षेत्रलाई बलियो संस्थागत बनाउन जति पत्रकारको भूमिका रहन्छ, त्यसभन्दा बढी सरकार जिम्मेवार हुनुपर्ने बताए।

कार्यक्रममा बारा क्षेत्र नं १ का सङ्घीय सांसद अच्युत मैनालीले नेपाली पत्रकारिता क्षेत्रको भूमिकाको प्रशंसा गर्दै गरे। कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव गोविन्द चौलागाईले पत्रकारको सकारात्मक भूमिकाबाट समृद्ध र सचेत समाज निर्माण हुने बताए।

कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरीले पत्रकारिताको माध्यमबाट जनप्रतिनिधिहरूलाई सचेत, सजग गराउनु पत्रकारिताको धर्म भएको बताए। उनले स्थानीय तहमा काम गर्न बाहिरबाट सहज देखिए पनि काम गर्दा त्यति नै बढी बाधा, अडचन हुने गरेको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, बाराका अध्यक्ष रेशम तिवारी, समाजसेवी रुद्र धिताल, सन्तोष दङ्गाल, खडगप्रसाद उप्रेती, सञ्चारकर्मी जीतलाल श्रेष्ठलगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको अध्यक्षता कृपा दैनिकका सम्पादक गोकुल घोरसाइने र सञ्चालन कृष्णउदास खनालले गरेका थिए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | रिलिफ सोसाइटी अफ कमर्स | सम्मान | रिलिफ सोसाइटी भवन | १५:३० |

## प्रजातन्त्रका आधारभूत पक्षहरु

- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## सयजनालाई खाद्यान्न वितरण

सुग्रीव साह, भिस्वा, ५ फागुन/

युएई एड, सर्जा चेरिटी इन्टरनेशनल, दुबईको आर्थिक सहयोगमा नेकपा माओवादी केन्द्र भिस्वा गाउँपालिकाका अध्यक्ष अरमान मियाँ र वडा कार्यालयका सचिव शाहरूख मन्सुरीको अगुवाइमा शनिवार सयजनालाई खाद्यान्न वितरण गरिएको छ।

प्रत्येक व्यक्तिलाई चामल २० किलो, दाल तीन किलो, पीठो पाँच किलो, खानेतेल दुई लिटर, नून एक किलो, चिउरा तीन किलो, चना दुई किलो र आलु चार किलो वितरण गरिएको माओवादीका मियाँले बताए।

**सृजना मध्यवर्ती ...**

सम्पन्न भएको थियो। साधारणसभामा गापाध्यक्ष श्रेष्ठले सहकारी नाफामूलकभन्दा पनि सेवामूलक हुनुपर्ने बताए। सहकारीले विभिन्न सीपमूलक तालीम सञ्चालन गरी शेयर सदस्यहरूलाई आयमूलक बनाउनुपर्ने बताउँदै उनले यस सहकारी संस्थासँग ठोरी गाउँपालिका हातेमालो गर्न इच्छुक रहेको बताए। २०६५ सालमा ३२ जना शेयर सदस्यको रु ३२ सयबाट शुरू भएको यस सहकारीले अहिले रु चार करोडभन्दा माथिको कारोबार गरिरहेको संस्थाका व्यवस्थापक जगेन्द्र पौडेलले जानकारी दिए। आफ्नै भवनमा संस्था सञ्चालन गर्दै आएको यस संस्थामा करीब आठ सय शेयर सदस्य रहेको व्यवस्थापक पौडेलले जानकारी दिए। त्यस्तै, ९२ जना बाल बचतकर्तासमेत रहेको उनले बताए।

साधारणसभामा आव २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन संस्थाका सचिव लवकुमार आचार्यले प्रस्तुत गरेका थिए। त्यस्तै, आर्थिक प्रतिवेदन कोषाध्यक्ष रामबहादुर विष्ट र लेखा समितिको प्रतिवेदन लेखा समिति संयोजक धर्मेन्द्रकुमार कलवारले प्रस्तुत गरेका थिए। त्यस्तै, संस्थाको वार्षिक गतिविधि प्रतिवेदन संस्थाका व्यवस्थापक पौडेलले प्रस्तुत गरेका थिए।

कार्यक्रममा ठोरी-२ का अध्यक्ष अमृतकृष्ण सापकोटा, निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतलगायतका शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा ठोरीमा विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका समाजसेवी आसबहादुर गुरुङ र निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतलाई सम्मान तथा प्रशंसापत्र प्रदान गरिएको थियो। संस्थाको ऋण उपसमितिका संयोजक कमल विक्रम तिमल्सिनाले स्वागत मन्तव्य राखेका थिए भने संस्थाकी सदस्य अस्मिता अधिकारीले कार्यक्रमको सहजीकरण गरेकी थिइन्।

# खेलकूदको संसार

## नेदरल्यान्ड्सविरुद्ध नेपालको शानदार जीत

काठमाडौं, ५ फागुन/रासस

नेपालले नेदरल्यान्ड्विरुद्ध शानदार जीत हासिल गरेको छ। आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत शनिवार भएको खेलमा नेपालले नेदरल्यान्ड्सलाई नौ विकेटले पराजित गर्दै दुई अङ्क जोड्यो।



जारी प्रतियोगिताको पहिलो खेलमा नामिबियासँग चार विकेटले पराजित भएको नेपाल आजको खेलमा नेदरल्यान्ड्समाथि हाबी भयो।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेदरल्यान्ड्सले ३९ ओभरमा सबै विकेट गुमाउँदै १३७ रनमा सीमित भयो। नेदरल्यान्ड्सलाई सस्तैमा समेट्ने क्रममा कुशल भुर्तेलले चार विकेट लिए भने ललित राजवंशीले दुई विकेट लिए। साथै कप्तान रोहित पौडेल र सोमपाल कामीले एक/एक विकेट लिए। नेदरल्यान्ड्सका दुई ब्याटर रनआउट भए।

नेदरल्यान्ड्सको पारीको शुरुआत राम्रो भएन। चार रनमा पहिलो विकेट गुमाएको उसले १८ रनमा दोस्रो विकेट गुमायो। साथै ५६ रन छँदा नेदरल्यान्ड्सले तेस्रो, ६७ रनमा चौथो ९७ रनमा पाँचौं, ९९ रनमा छैटौं, १०१ रनमा सातौं र १२२ रनमा आठौं विकेट गुमायो। त्यसैगरी, १२७ रनमा नवौं र १३७ रनमा अन्तिम विकेट गुमायो। उसका लागि कप्तान स्टक एडवाड्र्सले सर्वाधिक ३३ रन बनाए भने साइब्रान्ड एङ्गलब्रेक्टले २३ र बास डे लिडेले २७ रनको योगदान दिए।

१३८ रनको लक्ष्य नेपालले १५ दशमलव दुई ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो। नेपालका लागि ओपनर कुशल भुर्तेलले २८ रन बनाए भने आसिफ शेख र अनिल शाहले अर्धशतकीय पारी खेले। आसिफले ५४ रन र शाहले ५७ रनको योगदान दिए। नेदरल्यान्ड्सका भिभिआन किङ्माले एक विकेट लिए।

## नेपाल पत्रकार महासङ्घ पर्सा विजयी

प्रस, वीरगंज, ५ फागुन/

ज्ञानदा एकेडेमीले १०औं वार्षिकोत्सवको अवसरमा शनिवार आफ्नै खेलमैदानमा मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताको आयोजना गरेको छ।

सो प्रतियोगिता ज्ञानदा एकेडमी र नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाबीच भएको थियो। ज्ञानदा एकेडमीका शिक्षक र सञ्चारकर्मीहरूबीच भएको प्रतियोगितामा नेपाल पत्रकार महासङ्घ पर्सा शाखा ४० रनअन्तरले विजयी भएको छ।

निर्धारित १२ ओभरको खेलमा टस जितेर पहिला ब्याटिङ गरेको पर्सा शाखाले पूरै ओभर खेल्दै छ विकेटको नोक्सानीमा १०६ रनको योगफल बनाएको थियो। १०७ रनको विजयी लक्ष्य पाएको ज्ञानदा पूरै ओभर खेल्दै नौ विकेटको क्षतिमा ६८ रन मात्र बनाउन सक्यो।




पर्सा शाखाबाट सर्वाधिक सद्दाम हुसेनले ११ बलमा ३० रन बनाएका थिए। त्यस्तै, ज्ञानदाका विनीत लोहियाले १८ बलमा १७ रन बनाएका थिए।

पत्रकार महासङ्घका अरविन्द पटेलले दुई, श्याम गुप्ता र तिवारी यादवले एक/एक विकेट लिएका थिए। ज्ञानदाका मनोज यादवले दुई, अफरोज अन्सारीले तीन र जाहुर अन्सारीले एक विकेट लिएका थिए।

कार्यक्रममा ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले ज्ञानदामा स्थापित नेशनल क्रिकेट एकेडेमीले लुकेर रहेका प्रतिभालाई बाहिर ल्याइ खेलजगत्मा योगदान दिंदै समाजमा जागरूकता ल्याएको बताए।

नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले सबैजना एकअर्कासँग कुनै न कुनै माध्यमले जोडिनुपर्ने आजको आवश्यकता रहेकोले ज्ञानदाले यसको पहल गरेकोमा धन्यवाद दिए। कार्यक्रमको सहजीकरण ज्ञानदाका वसिम हुसैनले गरेका थिए।

## कालिकामाई गापा र पोखरिया नपा विजयी

दिनेशकुमार मिश्र, वीरगंज, ५ फागुन/

सखुवाप्रसौनी गाउँपालिका दोस्रो क्रिकेट टुर्नामेट-२०८० अन्तर्गत शनिवार पहिलो दिनको पहिलो खेल कालिकामाई गापा र परवानीपुर गापाबीच भएकोमा कालिकामाई विजयी भएको छ। कालिकामाईले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित १६ ओभरमा चार विकेट गुमाएर १४७ रन बनाएको थियो। प्रतिउत्तरमा परवानीपुरले १६ ओभरमा नौ विकेट गुमाएर १२० रन मात्र बनायो। कालिकामाईका अजय महतोले ३२ बल ३६ रन र चार ओभरमा दुई विकेट लिएर 'म्यान अफ दी म्याच' भए।




दोस्रो खेल पोखरिया नपा र वीरगंज वडा नं २६ बीच भएकोमा पोखरियाले जीत हासिल गऱ्यो। पोखरियाले टस जितेर पहिला ब्याटिङ गर्दै १६ ओभरमा छ विकेटको क्षतिमा १७२ रन बनायो। प्रतिउत्तरमा वीरगंजले १६ ओभरमा नौ विकेटको नौक्सानीमा १०६ रन मात्र बनाउन सक्यो। पोखरियाका विकास दास ३४ बलमा ६६ रन बनाउनुका साथै दुई विकेट लिएकाले 'म्यान अफ दी म्याच' भए। भोलिको खेल जगरनाथपुर गापा र धोबिनी गापा तथा बहुदरमाई नपा र छिपहरमाई गापाबीच हुने आयोजक सखुवाप्रसौनी युवा समाजका सचिव सरोज पटेलले जानकारी गराए।